# नाम्खा गाउँपालिकाको विनियोजन ऐन, २०८१

## नाम्खा गाउँपालिकाको आर्थिक बर्ष २०८१/२०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०८१।०३।१०

**प्रस्तावना:** नाम्खा गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नाम्खा गाउँसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः (१)** यस ऐनको नाम “नाम्खा गाउँपालिकाको विनियोजन ऐन, २०८१” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार**ः (१)आर्थिक वर्ष २०८१।०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखा ले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ माथी उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी ( संघ र प्रदेशवाट प्राप्त राजश्व बांडफांड, वित्तिय समानिकरण, सर्शत अनुदान, विशेष अनुदान र समपुरक अनुदान को) जम्मा रकम यस गाउँपालिकामा यस बर्षमा कुल जम्मा बजेट ३१ करोड ३८ लाख ८ हजार २ सय रुपैया विनियोजन गरिएको छ मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।०८२ को निमित्त नाम्खा गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानीखर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

कुल प्राप्त बजेट

| सि नं | स्रोत अनुदान | बजेट | कैफियत |
|---|---|---|---|
| | संघिय सरकार | | |
| १ | वित्तिय समानीकरण तर्फ | ६९४००००० | |
| २ | ससर्त अनुदान चालु र पुजि | १४२९००००० | |
| ३ | संघिय समपुरक अनुदान | १००००००० | |
| ४ | विशेष अनुदान | ० | |
| ५ | संघिय सरकार राजश्व बाँडफाँट | ६६९००००० | |
| | जम्मा | २८९२००००० | |
| | प्रदेश सरकार | | |
| १ | वित्तिय समानीकरण तर्फ | ४९६१००० | |
| २ | ससर्त अनुदान चालु र पुजि | २४२७३००० | |
| ३ | संघिय समपुरक अनुदान | १००००००० | |
| ४ | विशेष अनुदान | ० | |
| ५ | प्रदेश सरकार राजश्व बाँडफाँट तथा सवारी साधन | १८४२३१८ | |
| | जम्मा | ४१०७६३१८ | |
| १ | गाउँपालिकाको अनुमानित अल्या | २००००००० | |
| | कुल जम्मा | ३५०२७६३१८ | |

## बजेट तथा कार्यक्रम तर्जुमा

| सि नं | शिर्षक विवरण | क्षेत्र | बजेट अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | समपुरक | गाउँपालिका | २३०००००० | |
| २ | लागत साझेदारी | विभिन्न संस्थाहरु | १००००००० | |
| ३ | आर्थिक सहायता कोष | गाउँपालिका | १०००००० | |
| ४ | विविध | गाउँपालिका | ५०००००० | |
| ५ | विषयगत समिति | गाउँपालिका | | |
| | गाउँपालिका शिक्षकको तलव अनुदान तर्फ | | ३५००००० | |
| | स्वास्थ्य | | ३०००००० | |
| | महिला तथा बालबालिका | | १५००००० | |
| | पशु सेवा | | २०००००० | |
| | उद्यम विकास | | १५००००० | |
| | कृषि | | १५००००० | |
| | विपद् व्यवस्थापन | | १०००००० | |
| | न्यायिक समिति | | ४००००० | |
| | कर्मचारीहरुको क्षमता विकास | | २००००० | |
| ६ | वडाहरु | सवै वडा | | |
| | वडा नं १ | | ३०००००० | |
| | वडा नं २ | | २०००००० | |
| | वडा नं ३ | | २०००००० | |
| | वडा नं ४ | | २०००००० | |

| | | | | |
|---|---|---|---|---|
| | वडा नं ५ | | २०००००० | |
| | वडा नं ६ | | ३०००००० | |
| ७ | गाउँपालिकाका अन्य योजना | गाउँपालिका | ४०००००० | |
| ८ | कर्मचारी कल्याण कोष | गाउँपालिका | ५००००० | |
| ९ | विभिन्न सफ्टवयर अपडेट | गाउँपालिका | ५००००० | |
| १० | क्याम्पस अनुदान | मानसरोवर क्याम्पस | २००००० | |
| ११ | कर्मचारीको तलब | गाउँपालिका | | |
| १२ | कर्मचारीको प्रोत्साहन भत्ता | | २००००० | |
| १३ | योजना अनुगमन गर्दा तथा यातायात र खाना खर्च | गाउँपालिका | ९००००० | |
| १४ | इलाका प्रहरी चौकी व्यवस्थापन | प्रहरी चौकी | | |
| १५ | राहत तथा सोलार सामाग्री ढुवानी | गाउँपालिका | | |
| १६ | सोलार जडान | विभिन्न संस्थाहरु | | |
| १७ | मेसिनरी औजार खरिद | गाउँपालिका | | |
| १८ | जनजाति सूचिकृत तथा लामा संस्कृति मञ्च चिहान निर्माण | गाउँपालिका | ६००००० | |
| १९ | एफ एम तथा पत्रपत्रिका र सूचना प्रकाशन | | ८००००० | |
| २० | कार्यपालिका महिला सदस्यहरुको नेतृत्व विकास तालिम | | १०००००० | |
| | जम्मा | | ७६३००००० | |

वडास्तरिय योजना तथा कार्यक्रम

| सि नं | योजनाको नाम | स्थान | वडा नं | प्रथामिकताक्रम | बजेट | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | धिगा गुम्बा मर्मत तथा व्यवस्थापन | धिगा | १ | p1 | २००००० | २००००० |
| २ | नम्डुक गुम्बा मर्मत | तागिन | १ | p1 | २००००० | २००००० |
| ३ | हेप्का गुम्बा मर्मत तथा मसानघाट निर्माण | हेप्का | १ | p1 | २००००० | २००००० |
| ४ | गाडापारी गुम्बा भान्छा मर्मत तथा शौचालय निर्माण | गाडपारी | १ | p1 | २००००० | २००००० |
| ५ | विविध | वडा | १ | p1 | २००००० | २००००० |
| ६ | टेलिकम टावर साामान ढुवानी | केर्मी | २ | p1 | ३००००० | ३००००० |
| ७ | मसानघाट टहरा निर्माण | केर्मी | २ | p1 | ४००००० | ४००००० |
| ८ | तुपिया सिचाइ आयोजना | च्यादुक | २ | p1 | ६००००० | ६००००० |
| ९ | विधुत गृह फोरव्य टयाँकी निर्माण | केर्मी | २ | p1 | ५००००० | ५००००० |
| १० | वडा कार्यालय व्यवस्थापन | केर्मी | २ | p1 | २००००० | २००००० |
| ११ | वडा कार्यालय माथिल्लो तला निर्माण | खगालगाउँ | ३ | P1 | १२००००० | १२००००० |
| १२ | कानी स्तुपा प्लाष्टर तथा पेन्टीङ | खगालगाउँ | ३ | P1 | २००००० | २००००० |
| १३ | गुम्बा गाउँ देखि नेल्मा सम्म गोरेटो वाटो मर्मत | गुम्वागाउँ | ३ | P1 | २५०००० | २५०००० |
| १४ | वडा कार्यालय व्यवस्थापन | खगालगाउँ | ३ | P1 | ३५०००० | ३५०००० |
| १५ | पिसानी भवन निर्माण | यांगार | ४ | P1 | ६००००० | ६००००० |
| १६ | सल्ली खोला देखी टाङगौडा सम्म बाटो निर्माण | चाला | ४ | P1 | ६००००० | ६००००० |
| १७ | सामुदायिक भवन व्यवस्थापन तथा पेन्टीङ | याल्वाङ | ४ | P1 | ६००००० | ६००००० |
| १८ | आयुर्वेद कार्यालय व्यवस्थापन | याल्वाङ | ४ | P1 | १००००० | १००००० |
| १९ | वडा कार्यालय व्यवस्थापन | याल्वाङ | ४ | P1 | १००००० | १००००० |
| २० | सामुदायिक भवनको गलैचा र डल्लब खरिद | याल्वाङ | ४ | P1 | २००००० | २००००० |
| २१ | यारी गुम्बा फर्निचर | यारी | ५ | P1 | ५००००० | ५००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | छोया लुङभा गुफा निर्माण | | ५ | P1 | २००००० | २००००० |
| २३ | ल्हासा छोर्तेन निर्माण | | ५ | P1 | १००००० | १००००० |
| २४ | न्याम सिचाइ निर्माण | यारी | ५ | P1 | १००००० | १००००० |
| २५ | वडा कार्यालय व्यवस्थापन तथा विविध | मुचु | ५ | p1 | २००००० | २००००० |
| २६ | तिल जलविधुत लाइन विस्तार र सामुदायिक भवन घेरवार | तिल र हल्जी | ६ | P1 | ८००००० | ८००००० |
| २७ | जाङ गेकु घेरवार | जाङ | ६ | P1 | ३००००० | ३००००० |
| २८ | हल्जी विधुत पावर रिजर्व टयाँकी मर्मत | हल्जी | ६ | P1 | १०००००० | १०००००० |
| २९ | मयमफुङ खोला काठेपुल निर्माण तथा हल्जी सामुदायिक भवन व्यवस्थापन | हल्जी | ६ | P1 | ६००००० | ६००००० |
| ३० | सुनखानी आधारभुत विद्यालय होस्टेल व्यवस्थापन | हल्जी | ६ | P1 | ३००००० | ३००००० |
| ३१ | छुइगाङ खेती योग्यजमीन घेरवार | मुचु | ६ | P1 | ९००००० | ९००००० |
| | जम्मा | | | | १२२०००००० | १२२०००००० |

# नाम्खा गाँउपालिका

# याल्वाङ्ग हुम्ला

# विनियोजन ऐन, २०८१

# आ.व. २०८०।०८१

**प्रमाणिकरण गरेको मिति : २०८०।३।२०**